# ➤ काम छोड्नुभएका सबै महानुभावमा ➤

**◆यस पम्प्लेटमा विशेषगरी काम छोडेका महानुभावहरूको लागि हुने महत्त्वपूर्ण जानकारीहरू राखिएका छन्। विस्तृतमा, नजिकको हेलोवर्कमा सोधपुछ गर्नुहोला। साथै, पछिल्लो पृष्ठमा रहेको "काम छोडपत्र-2" पनि पढ्नुहोला।**

*** लाभ प्राप्ति प्रक्रियाको लागि व्यक्तिगत नम्बर जाँच गर्न मिल्ने कागजात (माइनम्बर कार्ड आदि)को आवश्यकता पर्छ।**

## ① रोजगार बिमाको रोजगारी खोजीकर्ता लाभ भन्नाले

रोजगार बिमाको बेरोजगार लाभहरू भित्र, **बेरोजगार हुन पुगेका व्यक्तिले स्थिर दैनिक जीवनयापन गर्दै, एक दिन भएपनि चाँडो पुनर्रोजगारमा लाग्न सकुन भनी, रोजगारी खोज्ने गतिविधिलाई टेवा पुऱ्याउने "रोजगारी खोजीकर्ता लाभ" रहेको छ।** "रोजगारी खोजीकर्ता लाभ" भित्र, आम बिमितको लागि "आधारभूत भत्ता", जेष्ठ नागरिक बिमित (*1) को लागि "जेष्ठ नागरिक रोजगारी खोजीकर्ता लाभ रकम", छोटो अवधिको रोजगारीको विशेष प्रावधानमूलक बिमित (*2) को लागि "विशेष प्रावधानमूलक एकमुष्ठ रकम" इत्यादि रहेका छन्।

तल, सबैभन्दा प्रतिनिधिमूलक **"आधारभूत भत्ता" (बेरोजगार भत्ता भनिने)** लाई केन्द्रविन्दुमा राखेर, त्यसका अन्तर्वस्तु या अपनाउनुपर्ने प्रक्रियाहरू स्पष्ट पार्दै जानेछौँ।

(*1) 65 वर्ष वा सो भन्दा माथि भएर, विशेष प्रावधानमूलक बिमित एवम् दैनिक ज्यालादारी बिमित बाहेकमा परेका व्यक्ति

(*2) मौसमी काममा अवधि तोकेर रोजगाररत व्यक्ति, मौसम अनुसार काममा लाग्ने वा काम छोड्ने व्यक्ति

**हाल बेरोजगार अवस्थामा रहेर तत्काल काम गर्न सक्ने व्यक्तिले लाभ प्राप्ति योग्यताको निर्धारणको प्रक्रिया गर्ने**

↓

**② भन्दा अगाडि हेर्नुहोस्।**

**बिरामी, सुत्केरी, शिशु स्याहार, बाँझोपनको उपचार, रोग आदिले गर्दा तत्काल काम गर्न नसक्ने व्यक्तिले लाभ प्राप्ति अवधि लम्ब्याउने आवेदन दिने**

↓

**पृष्ठ 4 को ⑩ हेर्नुहोस्।**

## ② हाल बेरोजगार अवस्थामा रहेर तत्काल काम गर्न सक्ने व्यक्ति भन्नाले

काम छोडेर, **"जागिरमा लागौँ भन्ने सक्रिय मनसाय** र जुनसुकै बेलामा पनि **जागिरमा लाग्न सक्ने क्षमता (शारीरिक अवस्था, घरायसी वातावरण आदि)** भएको अनि **सक्रिय भएर रोजगारी खोज्ने गतिविधि गर्दागर्दै पनि जागिरमा लाग्न नसकि रहेको अवस्था"**मा रहेको व्यक्तिलाई भनिन्छ।

## ③ सिद्धान्ततः निम्न व्यक्तिहरूले रोजगारी खोजीकर्ता लाभ भुक्तानी प्राप्त गर्न सक्दैनन्।

रोजगारी खोजीकर्ता लाभ (आधारभूत भत्ता बाहेक) भनेको, पुनर्रोजगारको लक्ष राख्ने व्यक्तिलाई सहयोग गर्ने प्रणाली हो।

सिद्धान्ततः निम्न बुँदासँग मेल खाने व्यक्तिलाई भुक्तानी हुनेछैन तर, अवस्था अनुसार भुक्तानी दिन मिल्ने पनि हुनसक्छ, कृपया **हेलोवर्कमा परामर्श गरी हेर्नुहोस्।**

① घरायसी काममा ध्यान केन्द्रित गर्ने व्यक्ति
② दिवाकालीन विद्यार्थी अथवा दिवाकालीन विद्यार्थी सरह मान्य हुने आदि, अध्ययनमा ध्यान केन्द्रित गर्ने व्यक्ति
③ घरेलु उद्यममा संलग्न भएर बाहिरी पेसामा लाग्न नसक्ने व्यक्ति
④ स्वरोजगार सुरु गर्ने, वा स्वरोजगारको तयारीमा ध्यान केन्द्रित गर्ने व्यक्ति (रोजगारी खोज्ने गतिविधि गर्दागर्दै, कम्पनी स्थापना गर्ने तयारी वा विचार गर्ने व्यक्तिले भुक्तानी पाउने सम्भावना रहन्छ।)
⑤ निम्न जागिर निश्चय भएका व्यक्ति
⑥ रोजगार बिमाको बिमित नहुने खालको छोटो अवधिको मजदुरी मात्र चाहने व्यक्ति
⑦ आफ्नो नाममा कुनै व्यवसाय सञ्चालन गरिरहेका व्यक्ति
⑧ कम्पनीको पदाधिकारीमा नियुक्त व्यक्ति (नियुक्तिको योजनामा रहेको या नाम मात्रको पदाधिकारी समेत)
⑨ जागिर वा मजदुरी गरिरहेका व्यक्ति (परीक्षण कालका समेत)
⑩ पार्टटाइम, आरुबाइतो गरिरहेका व्यक्ति (* साप्ताहिक श्रम समय 20 घण्टा भन्दा कम रहेको भए, मजदुरी गरेको दिन, आय रकमको घोषणा आवश्यक पर्छ तर, त्यस बाहेक बेरोजगार रहेको अन्य दिनको हकमा आधारभूत भत्ता प्राप्त गर्न सकिने अवस्था हुनसक्छ।)
⑪ एउटै उद्यम स्थलमा कहिले जागिर खाने, कहिले छोड्ने कार्य दोहऱ्याइरहेको र, पुनः उही उद्यम स्थलमा जागिर खाने योजनामा रहेको व्यक्ति

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय हेलोवर्क

PL020801 保 01

## ④ रोजगारी खोजीकर्ता लाभ प्राप्त गर्ने प्रक्रिया

रोजगार बिमाको रोजगारी खोजीकर्ता लाभ प्राप्तिका लागि, तपाईंहरूको बासस्थान आफ्नो क्षेत्राधिकारमा पार्ने हेलोवर्क (पृष्ठ 8 हेर्नुहोस्)मा स्वयं आफैंले रोजगारी खोजीको लागि आवेदन (पृष्ठ 7 हेर्नुहोस्) दिने प्रक्रिया अपनाउनुहोस्।

पुनश्च, मुख्य रूपमा एउटै प्रान्त भित्रको भिन्न हेलोवर्कमा रोजगारी खोज्ने गतिविधि गर्ने व्यक्तिले परामर्श गर्नुहोला।

### लाभ प्राप्ति प्रक्रियाको लागि आवश्यक वस्तु

**1. काम छोडपत्र-1 नाम, खाता नम्बर आदि भर्नुहोस्। (तलको भर्ने तरिका हेर्नुहोस्)**

**तथापि, व्यक्तिगत नम्बरको स्तम्भमा, हेलोवर्कमा पुगेपछि काउण्टरमा आएर स्वयं आफैंले भर्नुहोस्।**

**2. काम छोडपत्र-2**

**3. माइनम्बर कार्ड**

**माइनम्बर कार्ड नभएको व्यक्तिले, निम्न ① व्यक्तिगत नम्बर एवम् ② वास्तविक परिचय खुल्ने कागजात लिएर आउनुहोस्।**

**① व्यक्तिगत नम्बर पुष्टि गर्ने कागजात (कुनै 1 प्रकारको)**

**व्यक्तिगत नम्बर सूचना कार्ड, व्यक्तिगत नम्बर उल्लिखित बसोबास पत्र (बसोबास तथ्य उल्लेखित प्रमाणपत्र अर्थात् ज्युमिन् ह्यो किसाइ-जिको-स्योउमेइ स्यो भनिने प्रमाणपत्र)**

**② वास्तविक परिचय पुष्टि हुने कागजात (1) भित्रको कुनै 1 प्रकारको।**

**(1) भित्रको कागजात नभएको व्यक्तिले, (2) भित्रको भिन्नाभिन्नै 2 प्रकारको (फोटोकपी चल्दैन)**

**(1) ड्राइभिङ् लाइसेन्स, ड्राइभिङ् हिस्ट्रि सर्टिफिकेट, सरकारी कार्यालयले जारी गरेको परिचय पत्र, योग्यता प्रमाणपत्र (फोटो भएको) आदि**

**(2) सार्वजनिक चिकित्सा बिमाको बिमित कार्ड, बालबच्चा लालनपालन भत्ता प्रमाणपत्र आदि**

**4. मूल व्यक्ति स्वयंको नापको छाप अर्थात् इन्खान (स्ट्याम्प इन्खान बाहेक, मितोमे इन्खान भए हुन्छ)**

**5. फोटो 2 प्रति (हालसालको फोटो, अगाडि हेरेको शरीरको माथिल्लो भाग, ठाडो 3.0cm x तेर्सो 2.5 cm काम छोडपत्र-2 मा रहेको फोटो टाँस्ने स्तम्भमा 1 प्रति टाँस्नुहोस्)**


*** यस प्रक्रिया तथा यस लगत्तै दिइने भुक्तानी आवेदन पिच्छे माइनम्बर कार्ड प्रस्तुत गर्ने अवस्थामा अनुहारको फोटो नभएपनि हुन्छ।**

**6. मूल व्यक्ति स्वयंको बचत खाताको पासबुक (केही वित्तीय निकाय बाहेक)**

**तथापि, वित्तीय निकाय निर्दिष्ट निवेदनमा वित्तीय निकायको छाप छ भने, पासबुक चाहिँदैन।**

**7. जहाजी कर्मचारीले जहाजी कर्मचारी बेरोजगार बिमा कार्ड एवम् जहाजी कर्मचारी हाते पुस्तिका**

**भर्ने उदाहरण**



求職者給付等払渡希望金融機関指定届

| | | | | | |
|---|---|---|---|---|---|
| 届出者 | フリガナ | ロウドウ　タロウ | | | |
| | 1 氏　名 | 労 働　太 郎 | | | |
| | 2 住所又は居所 | 東京都千代田区霞ヶ関1の2の2 | | | |
| 払渡希望金融機関 | フリガナ | ○×ギンコウ　△◇シテン | | 金融機関確認印 | ○×銀行△◇支店 |
| | 3 名　称 | ○×銀行　△◇支店 | | | |
| | 4 銀行等 | 口座番号 | 1234567 | | |
| | 5 ゆうちょ銀行 | 記号番 | | | |

| 金融機関コード | | | | 店舗コード | | |
|---|---|---|---|---|---|---|
| 9 | 8 | 7 | 6 | 3 | 4 | 5 |

◆ जहाजी कर्मचारीले काम छोडेपछि पनि निरन्तर जहाजी कर्मचारी भएर जागिर खान चाहेको अवस्थामा, स्थानीय परिवहन ब्युरोमा गएर रोजगारी खोजीको आवेदन प्रक्रिया गर्नुहुन अनुरोध गरिन्छ।

## ⑤ रोजगारी खोजीकर्ता लाभ प्राप्त गर्ने योग्यता [आधारभूत भत्ताको लाभ प्राप्ति योग्यता]

◆ सिद्धान्ततः **काम छोडेको दिन भन्दा पहिलेको 2 वर्षमा 12 महिना वा सो भन्दा बढी**को बिमित अवधि (*1) हुनु पर्ने।

◆ कम्पनी टाट पल्टेर वा बर्खासीमा परेर काम छोडेको भए, (विशिष्ट लाभ प्राप्त गर्न योग्य व्यक्तिमा परिने), अवधि तोकिएको श्रम करार नवीकरण नगरिएको वा अन्य बाध्यतावस कारणले काम छोड्नु पर्दा (विशिष्ट कारणले काम छोड्ने व्यक्तिमा परिने) (*2) का सन्दर्भमा, **काम छोडेको दिन भन्दा अगाडिको 1 वर्षमा 6 महिना वा सो भन्दा बढी**को बिमित अवधि भएको।

*1 बिमित अवधिलाई रोजगार बिमामा बिमित भएको रहेको मध्ये, काम छोडेको दिन देखि हरेक 1-1 महिनाको अवधिमा ज्याला भुक्तानीको आधार बन्ने दिन सङ्ख्या 11 दिन वा सो भन्दा बढी रहेको महिनालाई 1 महिना मानेर हिसाब गरिन्छ।पुनश्च, सन् 2020 अगष्ट 1 तारिख पश्चात् काम छोडेका व्यक्तिको हकमा, ज्याला भुक्तानी आधार दिन सङ्ख्या 11 दिन वा सो भन्दा बढी रहेको महिना, 12 महिना नभएको अवस्थामा, ज्याला भुक्तानीको आधार हुने समय 80 घण्टा वा सो भन्दा बढी रहेको महिनालाई 1 महिना मानेर हिसाब गरिन्छ।

*2 विशिष्ट लाभ प्राप्त गर्न योग्य व्यक्ति तथा विशिष्ट कारणले काम छोड्ने व्यक्तिको बारेमा पृष्ठ 3 को ⑨ मा हेर्नुहोस्।

***《काम छोडपत्र धेरैवटा हुने व्यक्तिले, छोटो अवधिको काम छोडपत्र भएपनि सबै पेस गर्नुहोस्》***

★ जेष्ठ नागरिक बिमितलाई भुक्तानी गरिने जेष्ठ नागरिक रोजगारी खोजीकर्ता लाभ रकम, छोटो अवधिको रोजगारी विशेष प्रावधानमूलक बिमित भएको व्यक्तिलाई भुक्तानी गरिने विशेष प्रावधानमूलक एकमुष्ठ रकमको लागि, **काम छोडेको दिन भन्दा अगाडिको 1 वर्षमा 6 महिना वा सो भन्दा बढी**को बिमित अवधि रहेको हुनुपर्छ।

## ⑥ 1 दिन बराबरको लाभ प्राप्ति राशि [आधारभूत दैनिक भत्ता राशि]

बेरोजगार रहँदा प्राप्ति गर्न सकिने 1 दिन बराबरको लाभ रकमलाई "आधारभूत दैनिक भत्ता राशि" भनिन्छ।

सिद्धान्ततः काम छोड्ने दिन भन्दा अगाडिको 6 महिनामा, हरेक महिना निश्चित रूपमा भुक्तानी गरिएको कुल ज्यालालाई 180 ले भाग गरेर आएको रकम ("दैनिक ज्याला राशि" भनिन्छ) को लगभग 50 - 80% हुन्छ, र ज्याला जति कम भयो त्यति धेरै लाभ दर हुन्छ। साथै, आधारभूत दैनिक भत्ता राशिको अधिकतम तथा न्यूनतम रकम तोकिएको हुन्छ।

◆ **लगभग हिसाब गर्ने सूत्र**

$$\left(\frac{\text{काम छोड्नु 6 महिना अगाडिको कुल ज्याला}}{180}\right) \times (50 - 80\%)^{*} = [\text{आधारभूत दैनिक भत्ता राशि}]$$

(कोष्ठकभित्रको भाग: दैनिक ज्याला राशि; (50 - 80%): लाभ दर)

* 60 - 64 वर्ष उमेरका व्यक्तिलाई 45 - 80%

## ⑦ आधारभूत भत्ता प्राप्त हुने दिन सङ्ख्या [तोकिएको लाभ दिन सङ्ख्या]

◆ सेवा निवृत्ति उमेर पुगेर, करार अवधि सक्किएर, आफ्नै परिस्थितिजन्य कारणले अवकाश लिएका व्यक्ति

| बिमित रहेको अवधि / काम छोड्दाको पूरा उमेर | 10 वर्ष कम | 10 वर्ष वा बढी 20 वर्ष भन्दा कम | 20 वर्ष वा बढी |
|---|---|---|---|
| 65 वर्ष भन्दा मुनि | 90 दिन | 120 दिन | 150 दिन |

◆ ③ अपाङ्गता आदि भएर जागिरमा लाग्न मुस्किल हुने व्यक्ति

| बिमित रहेको अवधि / काम छोड्दाको पूरा उमेर | 1 वर्ष कम | 1 वर्ष वा बढी |
|---|---|---|
| 45 वर्ष भन्दा मुनि | 150 दिन | 300 दिन |
| 45 वर्ष वा माथि 65 वर्ष मुनि | | 360 दिन |

◆ विशिष्ट लाभ प्राप्त गर्न योग्य व्यक्ति/विशिष्ट कारणले काम छोड्ने केही व्यक्ति

| बिमित रहेको अवधि / काम छोड्दाको पूरा उमेर | 1 वर्ष भन्दा कम | 1 वर्ष वा बढी 5 वर्ष भन्दा कम | 5 वर्ष वा बढी 10 वर्ष भन्दा कम | 10 वर्ष वा बढी 20 वर्ष भन्दा कम | 20 वर्ष वा बढी |
|---|---|---|---|---|---|
| 30 वर्ष भन्दा मुनि | 90 दिन | 90 दिन | 120 दिन | 180 दिन | - |
| 30 वर्ष वा माथि 35 वर्ष भन्दा मुनि | | 120 दिन | 180 दिन | 210 दिन | 240 दिन |
| 35 वर्ष वा माथि 45 वर्ष भन्दा मुनि | | 150 दिन | | 240 दिन | 270 दिन |
| 45 वर्ष वा माथि 60 वर्ष मुनि | | 180 दिन | 240 दिन | 270 दिन | 330 दिन |
| 60 वर्ष वा माथि 65 वर्ष मुनि | | 150 दिन | 180 दिन | 210 दिन | 240 दिन |

**निम्न व्यक्तिलाई, एकमुष्ठ रकम एकै पटकमा सबै भुक्तानी गरिनेछ।**

◆ जेष्ठ नागरिक बिमित (65 वर्ष वा सो भन्दा माथिको उमेर भएर अवकाश लिएका व्यक्ति)

| बिमित रहेको अवधि | 1 वर्ष भन्दा कम | 1 वर्ष वा बढी |
|---|---|---|
| जेष्ठ नागरिक रोजगारी खोजीकर्ता लाभ रकमको राशि | 30 दिनको हिस्सा | 50 दिनको हिस्सा |

◆ छोटो अवधिको रोजगारीको अपवादमूलक बिमित (मौसमी काममा लागेका व्यक्ति)

| | |
|---|---|
| अपवादमूलक एकमुष्ठ रकमको राशि | 40 दिनको हिस्सा |

(अन्तरिम उपाय)

* "बिमित रहेको अवधि" मा, यस पटक काम छोडेको उद्यम स्थल भन्दा अघिको रोजगार बिमामा सामेल रहेको अवधि जोडेर हिसाब गर्न सकिन्छ। पुनश्च, जोडेर हिसाब गर्नको लागि एक निश्चित सर्त पालना गर्नुपर्ने भएकोले हेलोवर्कमा सोधपुछ गर्नुहोला।

## ⑧ भुक्तानी सुरु र अवधि [प्रतिक्षा अवधि] [लाभ प्रदानमा हदबन्दी] [लाभ प्राप्ति अवधि]

| काम छोडेको कारण | बर्खासी, सेवा निवृत्ति उमेर, करार अवधि सक्किएकोले काम छोडेको | आफ्नै परिस्थितिजन्य कारण, अनुशासन कारबाहीमा बर्खासीमा परेर काम छोडेको |
|---|---|---|
| लाभ भुक्तानी सुरुवात | काम छोडपत्र पेस गरी रोजगारी खोजीको आवेदन दिएपछि<br>**7 दिन बेरोजगार रहेको दिन** (प्रतिक्षा अवधि) कटिसकेपछि | काम छोडेको प्रमाणपत्र पेस गरी रोजगार खोजीको आवेदन दिएपछि<br>**7 दिन बेरोजगार रहेको दिन** (प्रतिक्षा अवधि) + **3 महिना**<br>(लाभ प्रदानमा हदबन्दी) कटिसकेपछि |
| लाभ प्राप्ति अवधि | **काम छोडेको भोलिपल्ट देखि 1 वर्ष**<br>1 वर्षको अवधिमा तोकिएको लाभ दिन सङ्ख्यालाई सीमा मानेर भुक्तानी गरिनेछ। **लाभ प्राप्ति अवधि कट्यो भने, लाभ प्राप्त हुने दिन सङ्ख्या बाँकी भएपनि भुक्तानी हुँदैन।** (कृपया छिटो प्रक्रिया चाल्नुहोस्) | |

*** आधारभूत भत्ता प्राप्त गर्नको लागि, सिद्धान्ततः 4 हप्तामा 1 पटकको प्रमाणीकरण मितिमा बेरोजगार प्रमाणीकरण प्राप्त गर्न आवश्यक हुन्छ।**

★ जेष्ठ नागरिक बिमितलाई भुक्तानी गरिने जेष्ठ नागरिक रोजगारी खोजीकर्ता लाभको प्राप्ति म्याद (लाभ प्राप्ति गर्न सकिने अवधि)को सन्दर्भमा, **काम छोडेको भोलिपल्ट देखि 1 वर्ष बितेको दिन,** छोटो अवधिको रोजगारीको विशेष प्रावधानमूलक बिमितलाई भुक्तानी गरिने विशेष प्रावधानमूलक एकमुष्ठ रकमको भुक्तानी हुने म्यादको सन्दर्भमा, **काम छोडेको भोलिपल्ट देखि** 6 महिना बितेको दिन हुनेछ।

## ⑨ विशिष्ट लाभ प्राप्त गर्न योग्य व्यक्ति, विशिष्ट कारणले काम छोड्ने व्यक्ति भन्नाले

◆ "विशिष्ट लाभ प्राप्त गर्न योग्य व्यक्ति" "विशिष्ट कारणले काम छोड्ने व्यक्ति" भन्नाले

**विशिष्ट लाभ प्राप्त गर्न योग्य व्यक्ति** भन्नाले, कम्पनी टाट पल्टेर वा बर्खासीमा परेर, पुनर्रोजगारको तयारी गर्ने समय नभई बाध्यतावस काम छोड्नु परेका र, **विशिष्ट कारणले काम छोड्ने व्यक्ति** भन्नाले, विशिष्ट लाभ प्राप्त गर्न योग्य व्यक्ति बाहेक जसको अवधि तोकिएको श्रम करार नवीकरण नगरिएर वा अन्य बाध्यतावस कारणले काम छोड्नु परेको व्यक्ति हो। प्रत्येक सम्बद्ध व्यक्तिको लागि दायरा तोकिएको छ।

◆ "विशिष्ट लाभ प्राप्त गर्न योग्य व्यक्ति" "विशिष्ट कारणले काम छोड्ने व्यक्ति" मा पर्छ कि पर्दैन भन्ने निर्णय

विशिष्ट लाभ प्राप्त गर्न योग्य व्यक्ति / विशिष्ट कारणले काम छोड्ने व्यक्तिमा पर्छ कि पर्दैन भनेर गरिने निर्णय, काम छोडेको कारण हेरेर, हेलोवर्कले गर्नेछ। काम छोडेको कारणको निर्धारण गर्दा, उद्यमी मालिकले दाबी गर्ने काम छोड्नुको कारण र काम छोड्ने व्यक्तिले दाबी गर्ने काम छोड्नुको कारणलाई बुझेर, दुवै पक्षको दाबी पुष्टि हुने कागजात अनुसार सत्यतथ्य जाँच गरी, अन्त्यमा हेलोवर्कले सावधानीका साथ फैसला गर्नेछ।

विशिष्ट लाभ प्राप्त गर्न योग्य व्यक्ति तथा विशिष्ट कारणले काम छोड्ने व्यक्तिको दायरा तथा निर्धारण मापदण्डको समबन्धमा, हेलोवर्कमा सोधपुछ गर्नुहोस्। साथै, स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइटमा पम्प्लेट राखिएको छ।

https://www.mhlw.go.jp/stf/seisakunitsuite/bunya/0000135026.html

* म्यादी करार दोहोर्‍याई-तेहर्‍याई नवीकरण गरिएको व्यक्ति (करार अवधिको जोडफल 3 वर्ष भन्दा कम) जसको करार अवधि छोटो हुँदै जाने जस्ता श्रम सर्तमा घटौती भएर, मूल व्यक्ति स्वयंले करार अवधि नवीकरण गर्ने इच्छा जाहेर गर्दागर्दै पनि नवीकरण हुन नसक्ने श्रम सर्तका बुँदा लागु भएको अवस्थामा, विशिष्ट कारणले काम छोड्ने व्यक्तिमा पर्न सक्ने अवस्था हुनसक्छ।

## ⑩ तत्काल काम गर्न नसक्ने व्यक्ति....65 वर्ष भन्दा मुनिको उमेरमा अवकाश भएको अवस्थामा [लाभ प्राप्ति अवधि लम्बिने]

काम छोडे पश्चात् 1 वर्षको आधारभूत भत्ता प्राप्ति हुने अवधि भित्र, निम्न कारणले काम गर्न नसकिने अवस्था लगातार 30 दिन वा सो भन्दा बढी रहेको अवस्थामा, लाभ प्राप्ति अवधि लम्ब्याउन सकिनेछ।

साथै, शैक्षिक तालिम लाभ प्राप्त गर्न इच्छाएको व्यक्तिले तालिम लिने अवधि लम्ब्याउन पनि सक्छ।

① बिरामी भएर वा चोटपटक लागेर काम गर्न नसक्ने (स्वास्थ्य बिमाको घाउचोट वा बिमारी भत्ता, श्रमिक दुर्घटना बिमाको काम-बिदा क्षतिपूर्ति लाभ प्राप्त गरिरहेको अवस्था समेत)

② गर्भावस्था, सुत्केरी वा शिशु स्याहार (3 वर्ष भन्दा कम उमेरका शिशुमा सीमित) आदि कारणले काम गर्न नसक्ने (बाँझोपनको उपचार समेत)


③ नजिकका नातेदारको हेरविचार गर्नुपर्ने भएर काम गर्न नसक्ने

④ 60 वर्ष वा सो भन्दा माथिको उमेरमा सेवा निवृत्ति भएर काम छोडी, केही समयको लागि विश्राम लिने (जहाजी कर्मचारीको हकमा उमेर सम्बन्धी आवश्यक सर्त फरक पर्नेछ)

### लाभ प्राप्ति अवधि लम्ब्याउने आवेदन प्रक्रिया

| लम्ब्याउने कारण | बिरामी वा चोटपटक, गर्भावस्था, सुत्केरी, नजिकका नातेदारको हेरविचार आदि | 60 वर्ष वा सो भन्दा माथिको सेवा निवृत्ति आदि |
|---|---|---|
| आवेदन अवधि | काम छोडेको दिन (काम गर्न नसक्ने भएको दिन) को भोलिपल्ट देखि 30 दिन कटेपछि, सैद्धान्तिक रूपमा सक्दो चाँडो आवेदन दिनुपर्छ तर, लम्बिसकेपछिको लाभ प्राप्ति अवधिको अन्तिम दिनसम्म आवेदन दिन सकिने | काम छोडेको भोलिपल्ट देखि 2 महिना भित्र |
| लम्बिने अवधि | (खासमा हुनुपर्ने लाभ प्राप्ति अवधि) 1 वर्ष + **(काम गर्न नसक्ने अवधि) अधिकतम 3 वर्ष** | (खासमा हुनुपर्ने लाभ प्राप्ति अवधि) 1 वर्ष + **(विश्राम लिन चाहेको अवधि) अधिकतम 1 वर्ष** |
| पेस गर्नुपर्ने कागजात | लाभ प्राप्ति अवधि लम्ब्याउने आवेदन फाराम, काम छोडपत्र-2, मूल व्यक्ति स्वयंको नापको छाप अर्थात् इन्खान (स्ट्याम्प इन्खान बाहेक, मितोमे इन्खान भए हुन्छ) | |
| | लम्ब्याउनु पर्ने कारण पुष्टि गर्ने कागजात | |
| पेस गर्ने तरिका | आफैँले लिएर आउने, हुलाक मार्फत पठाउने, प्रतिनिधि पठाउने (वारेसनामा आवश्यक पर्ने) | सिद्धान्ततः मूल व्यक्त स्वयं आउनुपर्ने |
| पेस गर्ने ठाउँ | तपाईँहरूको बासस्थान आफ्नो क्षेत्राधिकारमा पार्ने हेलोवर्क (लाभ प्राप्ति योग्यताको निर्धारण भएपछि, उक्त लाभ प्राप्ति योग्यताको निर्धारण गरेको हेलोवर्क) | |

<उदाहरण>




* आवेदन दिन मिल्ने अवधिभित्र भएतापनि आवेदन ढिला हुँदा, लाभ प्राप्ति अवधि लम्ब्याएपनि आधारभूत भत्ताको तोकिएको सबै लाभ दिन सङ्ख्या प्राप्त नहुन सक्ने सम्भावना हुने भएकोले सावधानी अपनाउनु होला।

★ जेष्ठ नागरिक बिमितलाई भुक्तानी गरिने जेष्ठ नागरिक रोजगारी खोजीकर्ता लाभ रकम, छोटो अवधिको विशेष प्रावधानमूलक बिमित रहेको व्यक्तिलाई भुक्तानी दिइने विशेष प्रावधानमूलक एकमुष्ठ रकमका सम्बन्धमा, लाभ प्राप्ति म्याद लम्ब्याउन मिल्ने छैन।

## ⑪ पेन्सन सँगै सह-भुक्तानी सम्बन्धमा

65 वर्ष भन्दा मुनिका व्यक्तिलाई विशेष भुक्तानी गरिने वृद्धावस्था कर्मचारी पेन्सन, अवकाश पारस्परिक पेन्सन र रोजगार बिमाको आधारभूत भत्ता एकसाथ प्राप्त गर्न मिल्दैन। आधारभूत भत्ता प्राप्त गर्नका लागि रोजगारी खोजीको आवेदन दिँदा, आधारभूत भत्ता भुक्तानी नसकिकिएसम्मको अवधिभर वृद्धावस्था कर्मचारी पेन्सन, अवकाश पारस्परिक पेन्सनको सम्पूर्ण राशिको भुक्तानी बन्द हुनेछ।

विस्तृतमा, नजिकैको **जापान पेन्सन सङ्गठन (Japan Pension Service)को सम्बन्धित पेन्सन कार्यालय**मा बुझ्नुहोस्।

## ⑫ नागरिक स्वास्थ्य बिमा शुल्क (कर) न्यूनीकरण बारेमा

विशिष्ट लाभ प्राप्त गर्न योग्य व्यक्ति / विशिष्ट कारणले काम छोडेको व्यक्ति स्वरूप आधारभूत भत्ता प्राप्त गर्ने व्यक्तिको लागि नागरिक स्वास्थ्य बिमा शुल्क (कर) न्यूनीकरणको व्यवस्था छ। (जेष्ठ नागरिक लाभ प्राप्त गर्न योग्य व्यक्ति / विशेष लाभ प्राप्त गर्न योग्य व्यक्तिहरू कर न्यूनीकरणको दायरामा पर्ने छैनन्।)

न्यूनीकरण प्राप्त गर्नको लागि निवेदन आवश्यक पर्छ। विस्तृतमा, **तपाईँ बस्ने गाउँ/नगरपालिकाको नागरिक स्वास्थ्य बिमा इन्चार्ज** सँग बुझ्नुहोस्।

## ⑬ लाभ प्राप्ति प्रक्रियाको प्रवाह

**काम छोडेको**

↓

**रोजगारी खोजी आवेदन र लाभ प्राप्ति योग्यताको निर्धारण**

लाभ प्राप्ति प्रक्रिया अपनाउने मूलव्यक्तिले, आवश्यक कागजात हेलोवर्कसम्म लिई आउनुहोला। हेलोवर्कमा, पेस गरिएको कागजात आदिद्वारा लाभ प्राप्ति योग्यताको पुष्टि/निर्धारण गरिनेछ।

↓

**रोजगार बिमा वर्णन-भेला**

लाभ प्राप्ति योग्यता प्रमाणपत्र जस्ता आवश्यक कागजात हस्तान्तरण गरिनेछ।
साथै, रोजगार बिमा लाभ प्राप्ति प्रक्रिया अघि बढाउने तरिका या जागिरमा लाग्ने गतिविधि बारेमा वर्णन गरिनेछ।
*रोजगार बिमा वर्णन-भेलाको आयोजना, प्रतिक्षा अवधि पूर्ण भइसके पश्चात् हुन जाने अवस्था पनि आउन सक्छ।

↓

**प्रतिक्षा अवधिको पूर्णता**

लाभ प्राप्ति योग्यताको निर्धारण प्राप्त गरेको दिनदेखि, बेरोजगारीको स्थिति जोड्दा सात दिन नबिते सम्मलाई "प्रतिक्षा अवधि" भनिन्छ र, यस अवधि रोजगार बिमा भुक्तानीको दायरा भित्र पर्ने छैन।

↓ (वा)

**लाभ प्रदानमा हदबन्दी**

आफ्नै परिस्थितिजन्य कारणले अवकाश लिएका व्यक्तिलाई, प्रतिक्षा अवधि पूर्ण भएको भोलिपल्टबाट थप तीन महिनासम्म आधारभूत भत्ता भुक्तानी गरिने छैन। यसलाई "लाभ प्रदानमा हदबन्दी" भनिने छ।

↓

**बेरोजगार प्रमाणीकरण**

प्रत्येक प्रमाणीकरणको दिन (सिद्धान्ततः चार हप्तामा एक पटक) पिच्छे बेरोजगार प्रमाणीकरण निवेदन फाराम पेस गर्नुहोस्।
मजदुरीमा लागे-नलागेको, रोजगारी खोज्ने गतिविधि गरे-नगरेको आदि निश्चय गरेर मात्र बेरोजगार प्रमाणीकरण गरिनेछ।

↓

**आधारभूत भत्ताको भुक्तानी**

बेरोजगार प्रमाणीकरण प्राप्त गरेको दिन सङ्ख्या बराबरको आधारभूत भत्तालाई तपाईँको साधारण बचत खातामा रकमान्तर गरिनेछ। (रकमान्तर गर्ने अवधि वित्तीय निकाय अनुसार फरक-फरक परी, लगभग एक हप्ता जति लाग्ने हुन सक्छ, कृपया बुझि दिनुहोला)

↓

**सिद्धान्ततः प्रत्येक चार-चार हप्तामा तपाईँको प्रमाणीकरण मिति तोकिनेछ।**

***पेसागत परामर्श सेवा प्रयोग गर्नुहोस्***

कस्ता-कस्ता भ्याकेन्सीहरू छन् हेर्न या पेसागत परामर्श सेवाहरू लिनका लागि, प्रमाणीकरण मिति बाहेकको दिन पनि प्रयोग गर्न सकिनेछ।
सक्रिय रूपमा रोजगारी खोज्ने गतिविधि गरेर एक दिन भएपनि चाँडो पुनर्रोजगार हुने।

↓ (वा)

**जागिरे**

पुनर्रोजगारी प्रतिको लाभ रकम स्वरूप, पुनर्रोजगार भत्ता/इलम प्रोत्साहन तथा कायम भत्ता/अल्पकालीन इलम भत्ता/नियमित जागिर तयारी भत्ता/जेष्ठ नागरिक पुनर्रोजगार लाभ रकम इत्यादिका लागि आवेदन दिन सकिने हुनसक्छ।

↓

**भुक्तानी समापन**

***भुक्तानी समापन पछि पनि पेसागत परामर्श सेवा प्रयोग गर्न सक्नुहुनेछ।***
***बिना हिचकिचाहट, हेलोवर्कमा पाल्नुहोस्।***

## ⑭ चाँडो पुनर्रोजगार भएमा भुक्तानी गरिने भत्ता

हेलोवर्कमा रोजगारी खोजीको आवेदन (काम छोडपत्र पेस) गरेर प्रतिक्षा अवधि कटेपछि, चाँडो दिगो हुने पेसामा लागेका (*) व्यक्तिलाई, **पुनर्रोजगार भत्ता** भुक्तानी गरिन्छ। जागिरमा लागेको दिनको अघिल्लो दिन सम्मको बेरोजगार प्रमाणीकरण लिएर, लाभ प्राप्ति अवधि भित्रै भए, बाँकी आधारभूत भत्ताको भुक्तानी दिन सङ्ख्या (भुक्तानी हुन बाँकी दिन सङ्ख्या) तोकिएको लाभ दिन सङ्ख्याको 1 तिहाइ वा सो भन्दा बढी [2 तिहाइ वा सो भन्दा बढी] भएको अवस्थामा, भुक्तानी हुन बाँकी दिन सङ्ख्याको 60% [70%] बराबर हुने दिन सङ्ख्यालाई आधारभूत भत्ता राशिले गुणन गरेको राशि (1 येन भन्दा कमलाई राउण्ड फिगर गरिने) लाभ स्वरूप प्राप्त गर्न सकिन्छ। लाभ प्राप्ति गर्नलाई एक निश्चित आवश्यक सर्तहरू पूरा गर्न जरुरी हुन्छ।

* रोजगार बिमाको बिमित हुने अवस्थामा या उद्यम मालिक भएर रोजगार बिमाको बिमितलाई रोजगारी दिने अवस्थाहरू।

यसका साथसाथै, पुनर्रोजगार भत्ता भुक्तानी प्राप्त गरेको व्यक्तिलाई सोही पुनर्रोजगार स्थलमा निरन्तर 6 महिना वा सो भन्दा बढी रोजगार गराएको तथा पुनर्रोजगार स्थलबाट 6 महिनाको अवधिमा भुक्तानी भएको ज्याला, रोजगार बिमाको लाभ प्राप्त गर्नु भन्दा पहिलेको ज्यालासँगको तुलनामा घटेको अवस्थामा, **इलम प्रोत्साहन तथा कायम भत्ता** प्राप्त गर्न सकिन्छ।

साथै, लाभ प्राप्ति अवधि भित्र, तोकिएको लाभ दिन सङ्ख्याको 1 तिहाइ वा सो भन्दा बढी तथा 45 दिन वा सो भन्दा बढी बाँकी राखेर पुनर्रोजगार भत्ता नपाइने खालको नियमित रोजगार बाहेक (1 वर्ष नकट्ने खालको रोजगारी) का इलममा लागेको अवस्थामा, उक्त इलम गरेको दिनै पिच्छे आधारभूत भत्ता रकमको 30% (1 येन भन्दा कमलाई राउण्ड फिगर गरिने) **अल्पकालीन इलम भत्ता** भुक्तानी गरिनेछ।

पुनश्च, सबै भत्तामा उमेर अनुसारको आधारभूत भत्ता रकममा अधिकतम सीमा तोकिएको छ।

**काम छोडेको कारणले भुक्तानीमा हदबन्दी लागेको व्यक्तिलाई, प्रतिक्षा अवधि पूरा भएपछिको 1 महिनाको अवधिको लागि, हेलोवर्क अथवा पेसा सिफारिस गरिदिने उद्यमीको सिफारिसमा जागिरमा लागेको अवस्थामा मात्र पुनर्रोजगार भत्ता/अल्पकालीन इलम भत्ता भुक्तानी गरिनेछ।**

माथि उल्लेखित भत्ता बाहेकपनि "नियमित जागिर तयारी भत्ता" रहेको छ। सबै भत्ता भुक्तानी प्राप्तिको आवश्यक सर्त सम्बन्धी विस्तृत जानकारीको लागि, कृपया हेलोवर्कमा सोधपुछ गर्नुहोला।

### 60 वर्ष उमेर भएपछि पुनर्रोजगार भएका व्यक्तिलाई ....

एक निश्चित आवश्यक सर्त पूरा गर्ने 60 वर्ष वा सो भन्दा माथि 65 वर्ष भन्दा मुनि (*)का रोजगार बिमाका बिमितलाई, जेष्ठ नागरिक रोजगारी निरन्तरता लाभ भुक्तानी गरिनेछ। * जहाजी कर्मचारीको हकमा जन्म मिति अनुसार 55 वर्ष वा सो भन्दा माथि 60 वर्ष भन्दा मुनिमा पर्ने अवस्था हुन्छ।

जेष्ठ नागरिक रोजगारी निरन्तरता लाभ अन्तर्गत, **जेष्ठ नागरिक रोजगार निरन्तरता आधारभूत लाभ रकम** र **जेष्ठ नागरिक पुनर्रोजगार लाभ रकम** गरी 2 प्रकार हुन्छन्।

जेष्ठ नागरिक रोजगारी निरन्तरता आधारभूत लाभ रकम भनेको, रोजगार बिमाको आधारभूत भत्ता आदि (पुनर्रोजगार भत्ताको आधारभूत भत्ता भुक्तानी गरिएको भनेर मान्य हुने अन्य लाभ समेत) को भुक्तानी प्राप्त नगरि पुनर्रोजगार भएको व्यक्ति प्रति लक्षित लाभ रकम हो। 60 वर्ष उमेर पुगेपछिको हरेक महिनाको ज्याला 60 वर्ष पुग्नु अगाडिको ज्यालाको तुलनामा 75% भन्दा कम भएको अवस्थामा भुक्तानी गरिनेछ (भुक्तानी हुने रकम हरेक महिना प्राप्त हुने ज्यालाको 15% सीमा तोकेर, ज्याला घटेको दर अनुसार भुक्तानी गरिनेछ)

जेष्ठ नागरिक पुनर्रोजगार लाभ रकम भनेको, काम छोडेपछि आधारभूत भत्ता प्राप्ति गरिरहेका 60 वर्ष वा सो भन्दा माथि 65 वर्ष भन्दा मुनिका व्यक्तिले, भुक्तानी हुने दिन सङ्ख्या 100 दिन भन्दा बढी बाँकी राखेर पुनर्रोजगार (1 वर्ष कट्ने खालको रोजगारी) गरी, पुनर्रोजगार पछिको हरेक महिनाको ज्याला, 30 दिन बराबरको दैनिक ज्यालाको तुलनामा 75% भन्दा कम भएको अवस्थामा भुक्तानी गरिनेछ। (भुक्तानी राशिको हकमा, भुक्तानी गरिएको रकम हरेक महिना भुक्तानी हुने ज्यालाको 15% सीमा तोकेर, ज्याला घटेको दर अनुसार भुक्तानी गरिनेछ) तथापि, पुनर्रोजगार भत्ता (माथिको ⑭) सँगसँगै एकैपटकमा प्राप्त गर्न सक्दिँन।

**पुनर्रोजगारको पहिलो कदम भनेको, पहिले आफूले आफूलाई राम्ररी चिन्ने कुराबाट सुरु हुन्छ।**

**हेलोवर्कले, अहिले सम्म गर्नुभएको कामको फेहरिस्त केलाएर, तपाईँको इच्छा अनुसारको पेसागत परामर्श सेवा, भ्याकेन्सी जानकारी प्रदान, दरखास्त दिने कागजात बनाउदाका सल्लाह-सुझाव, पेसा सिफारिस आदि सेवाहरू प्रदान गरिरहेको छ।**

**पुनर्रोजगारको लागि हेलोवर्क उपयोग गरेर पेसागत परामर्श सेवा लिनुहोस्!!**

# रोजगारी खोजीको आवेदन प्रक्रिया सम्बन्धी जानकारी

रोजगारी खोजीको आवेदन प्रक्रिया गर्दा, जुनसुकै हेलोवर्कबाट पनि सेवा लिन सकिन्छ।

तथापि, रोजगार बिमा लाभ प्राप्ति गर्ने प्रक्रिया आदि गर्ने अवस्थामा, तपाईंहरूको बासस्थान आफ्नो क्षेत्राधिकारमा पार्ने हेलोवर्कमै गएर प्रक्रिया गर्नुपर्ने आवश्यकता रहन्छ।

## ～ सन् 2020 जनवरी 6 तारिख देखि रोजगारी खोजीको आवेदन विधि परिवर्तन हुन्छ ～

**आवेदन विधि ①: हेलोवर्क भित्र राखिएको कम्प्युटर (सर्च तथा रजिष्टरी कम्प्युटर)** मा रोजगारी खोजीको आवेदन विवरण भरेपछि (अस्थायी रजिष्टर गरी), काउण्टरबाट आवेदन प्रक्रिया अपनाउनु होस्।

* रोजगारी खोजीको आवेदन फाराम (हातले लेख्ने ढाँचाको) पनि व्यवस्था गरिएको छ।

**आवेदन विधि ②: आफ्नो घरको कम्प्युटर, ट्याबलेट, स्मार्टफोन** बाट "HelloWork Internet Service" मा गएर, अग्रिम रूपमा रोजगारी खोजीको आवेदन विवरण भरेपछि (अस्थायी रजिष्टर) गरी, हेलोवर्कमा गएर आवेदन प्रक्रिया अपनाउनु होस्।

* विवरण भरेपछि (अस्थायी रजिष्टर) **14 दिन भित्र** (म्याद सकिने अन्तिम दिन बिदा परेको अवस्थामा त्यसको अघिल्लो दिन सम्ममा) हेलोवर्कमा आउनुहोस्।

* आफ्नो घर आदिबाट पहिलेनै अस्थायी रजिष्टर गर्नाले, तपाईँहेलोवर्कमा आउँदा तपाईँको प्रक्रिया सहज रूपमा अघि बढाउन सकिन्छ।

### रोजगारी खोजीको आवेदन प्रक्रियाको प्रवाह

① हेलोवर्क भित्रको कम्प्युटर (सर्च तथा रजिष्टरी कम्प्युटर)बाट रोजगारी खोजीको आवेदन विवरण भर्ने (अस्थायी रजिष्टर)
* "रोजगारी खोजीको आवेदन फाराम" (हातले लेख्ने ढाँचाको) पनि व्यवस्था गरिएको छ

② आफ्नो घरको कम्प्युटर वा स्मार्टफोनबाट HelloWork Internet Service मा गएर रोजगारी खोजीको आवेदन विवरण भर्ने (अस्थायी रजिष्टर)
*जानकारी भरिसकेपछि **14 दिन भित्र** हेलोवर्कमा आउनहोस।

<काउण्टर>
आवेदन प्रक्रिया अघि बढाउने
(आवेदन विवरण या इच्छाएको सर्तहरू निश्चय आदि गर्ने)

रोजगारी खोजीको आवेदन बुकिङ भइसकेपछि (हेलोवर्क बुकिङ पत्र जारी)

(इच्छाएको अवस्थामा) रोजगारी खोजीकर्ता माइ-पेज बनाउने

पेसागत परामर्श सेवा, भ्याकेन्सी जानकारी प्रदान, दरखास्त दिने कागजात बनाउदाका सल्लाह-सुझाव, पेसा सिफारिस इत्यादि जस्ता हरप्रकारका सेवाहरू लिन सकिनेछ

# रोजगारी खोजीकर्ता माइ-पेज सम्बन्धी जानकारी (सन् 2020 जनवरी 6 तारिखदेखि)

HelloWork Internet Service मा **"रोजगारी खोजीकर्ता माइ-पेज"** बन्यो भने, आफ्नो घरको कम्प्युटर, ट्याबलेट, स्मार्टफोनबाट निम्न सेवाहरू लिन सकिन्छ र कामको खोजी अझै सुविधाजनक हुन्छ। बनाउन चाहने महानुभावले सन् 2020 जनवरी 6 तारिख पछि काउण्टरमा सूचना दिनुहोस्।

○ **भ्याकेन्सी सर्च गर्दाको सर्तहरू हुन् या मन परेको भ्याकेन्सीहरू सेभ** गर्न सकिन्छ।

○ हेलोवर्कले सिफारिस गरिदिएको भ्याकेन्सीको अन्तर्वस्तु या आफूले गरेको दरखास्तको इतिहास निश्चय गर्न सकिन्छ।

○ मेसेजिङ्ग सुविधा मार्फत दरखास्त दिएको भ्याकेन्सीको इन्चार्जसँग अन्तरक्रिया गर्न सकिन्छ। हेलोवर्कबाट भ्याकेन्सी जानकारी या सूचना पठाउने अवस्था पनि हुनसक्छ।

<जानीराख्नु पर्ने कुरा >

- रोजगारी खोजीकर्ता माइ-पेज भनेको, हेलोवर्क एवम् HelloWork Internet Service प्रयोग गरेर जागिर खोज्ने गतिविधि गर्न चाहने व्यक्ति प्रति लक्षित, भ्याकेन्सी जानकारी सर्च गर्ने/ब्राउज गर्ने जस्ता काम खोजीको लागि आवश्यक पर्ने सेवा प्रदान गर्ने इन्टरनेट पेज हो।
- "रोजगारी खोजीकर्ता माइ-पेज" बनाउनको लागि हेलोवर्कमा रोजगारी खोजीको रजिष्टर गर्न आवश्यक पर्छ। रोजगारी खोजी अमान्य भएको अवस्थामा, केही सेवाहरूको उपयोग गर्न नसकिने हुन्छ।
- माइ-पेज बनाउनको लागि लगइन अकाउन्ट स्वरूप प्रयोग गर्ने इमेल एड्रेस (कम्प्युटर, स्मार्टफोन आदिको) आवश्यक पर्ने भएकोले, काउण्टरमा रजिष्टर गर्नुहोला। पुनश्च, प्रयोग गर्दाका सर्तहरू एवम् प्राइभेसी पोलिसीमा मञ्जुरी जनाउन आवश्यक पर्छ।

# सम्पर्क गर्ने ठाउँको सूची

**घर नजिकको हेलोवर्क यहाँबाट खोज्न सकिन्छ।**

**https://www.mhlw.go.jp/content/000637894.pdf**

**दोभाषे हुने हेलोवर्कको लागि यहाँ**

**https://www.mhlw.go.jp/content/000592865.pdf**

**श्रम शर्तको बारेमा परामर्श लिन चाहेको बेलामा**

**https://www.check-roudou.mhlw.go.jp/soudan/foreigner_eng.html**